आज मिति २०८०/०६/२७ गते सोमवारका दिन यस जिरी नगरकार्यपालिकाको ९२ औं वैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल वमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया वुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पार्खीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुमा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | धिर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङगे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

अन्य उपस्थिति :-

महेन्द्र प्रताप अधिकारी

मान बहादुर जिरेल

## ९२ औं नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १** जिरी नगर कार्यपालिकाको ९१ औं वैठकमा भएका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं. २** यस जिरी नगरपालिकाको आ.व.२०७९/८० मा दायित्व सृजना भैसकेका तथा रकम नपुग भई भुक्तानी दिन बाँकी रहेका देहाय बमोजिमको योजना तथा कार्यक्रमको भुक्तानी बाँकी विवरण प्रमाणित गर्ने तथा जिरी नगरपालिकाले भुक्तानी गर्नु पर्ने देखिएको रकम कैफियत महलमा उल्लेखित वजेट तथा श्रोतबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं॰ | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २०७९।२।२ | | 80323401501 (पुँजिगत स.स.ह) | चेर्दुङ्ग एकिकृत पर्यटन पूर्वाधार विकास योजना जिरी नपा २,४,५ जिरी नगरपालिका, दोलखा (डल्लेमाने–क्याङ्से रोड निर्माण तथा भगवान शिवको मुर्ती स्थापना आयोजना) | डल्लेमाने–क्याङ्से रोड निर्माण तथा भगवान शिवको मुर्ती स्थापना आयोजना को ठेक्का रकम भुक्तानी गर्न बाँकी | सोवर्ण एस.के.जे.भी. | ३७८१८३५।९० | बजेट निकासा नभएकोले | भुक्तानी गर्न बाँकी देखिएको रकम रु ३७८१८३५।९० मध्य नगर पालिकाको तर्फबाट व्यहोर्न पर्ने रकम रु १३४२००० अक्षेरुपी रु तेह् लाख बयालिस हजार जि न पा पुँजि गत खर्च तर्फ संकेत नं. ५९ मा बित्तीय व्यबस्था खर्च शीर्षकमा विनियोजन भएको आन्तरिक स्रोत र संघीय राजश्व बाँडफाँट तर्फ विनियोजन भएको बजेट बाट भुक्तानी दिने तथा बाँकी रु २४३९८३५।९० संघीय शसर्त तर्फको बजेट बाट भुक्तानी गर्नु पर्ने भएकोले श्री संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा सिंहादरबार काठमाण्डौं मा निकासा माग गरि पठाउने। निकासा प्राप्त भए पछि नियामानुसार |

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं॰ | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भुक्तानी दिने । |
| २०८०।३।१५ | | 80323401501 (पुँजिगत बिशेष अनुदान संघ) | जिरी प्राविधिक शिक्षालय प्रशासनिक भवन निर्माण(विशेष अनुदान संघ | जिरी प्राविधिक शिक्षालय प्रशासनिक भवन निर्माण को ठेक्का रकम भुक्तानी गर्न बाँकी | सुनकोशी। प्रजिल जे.भी. | २५०२५८५।७० | बजेट निकासा नभएकोले | भुक्तानी दिन बाँकी देखिएको रु २५०२५८५।७० संघ तर्फको बिशेष अनुदान तर्फको बजेट बाट भुक्तानी गर्नु पर्ने भएकोले राष्ट्रिय योजना आयोग काठमाण्डौंमा निकासा माग गरि पठाउने । |
| ७८।७९ | | 80323401501 (पुँजिगत बिशेष अनुदान प्रदेश) | लिसेटोल खानेपानी योजना | लिसेटोल खानेपानी योजना ठेक्का रकम भुक्तानी गर्न बाँकी | गौरी शंकर हिमालयन कन्स्ट्रक्सन प्रा.लि. | १५२३८१३।५१ | बजेट निकासा नभएकोले | भुक्तानी दिन बाँकी देखिएको रु १५२३८१३।५१ प्रदेश सरकार तर्फको बिशेष अनुदान बजेट बाट भुक्तानी गर्नु पर्ने भएकोले सम्बन्धित निकाय मा निकासा माग गरि पठाउने। |
| २०८०।३।१५ | | 80323401501 (पुँजिगत जिरी नगरपालिका) सडकबोर्ड तर्फको रकम | अपग्रेडिङ अफ रेक्छ्याङ सेराकासी भोर्ले सडक | अपग्रेडिङ अफ रेक्छ्याङ सेराकासी भोर्ले सडक भुक्तानी गर्न बाँकी | एस. के . कन्स्ट्क्सन एण्ड सप्लायर्स प्रा लि | ३२९९०९०।२५ | बजेट निकासा नभएकोले | भुक्तानी दिन बाँकी देखिएको रु ३२९९०९०।२५ सडकबोर्ड संगको साझेदारी बजेट बाट भुक्तानी गर्नु पर्ने भएकोले सडक बोर्ड मा निकासा माग गरि पठाउने। |
| २०७९पुस र माघ | | 80323401501 ( चालु खर्च शसर्त अनुदान संघ) | डा श्रीया श्रेष्ठको २०७९ पौष र माघ महिनाको त भ | डा श्रीया श्रेष्ठको २०७९ पौष र माघ महिनाको त भ | डा श्रीया श्रेष्ठ | १२९८९६।४० | २०७९ मंसिर सम्मको त भ भुक्तानी गरि मुख्यमन्त्री तथा मन्त्रि परिषद को कार्यालय मा रमाना भै गएकोमा | संघिय शसर्त अनुदान तर्फको खर्च संकेत १४ बाट भुक्तानी गर्ने। |

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त ब्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मुख्यमन्त्री तथा मन्त्रि परिषद को कार्यालय ले २०७९ पौष र माघ महिनाको त म भुक्तानी नगरेकोले | |
| २०७९।८० | | 80323401501 (पुँजिगत संघीय सरकार शसर्त अनुदान ) | जिरी दुइगे खा.पा.आ. जिरी न.पा. ५ दोलखा | जिरी दुइगे खा.पा.आ. जिरी न.पा. ५ दोलखा | जिरी दुइगे खानेपानी तथा सरसफाइ उपभोका समिति | ६०६०००।०० | योजना सम्झौता भइ कार्य सम्पन्न हुने चरणमा पुग्दा योजना को लागी स्वीकृत बजेट रकम घटि आएकोले । | भुक्तानी गर्न बाँकी देखिएको रकम रु ६०६००० नगर पालिकाको तर्फबाट व्यहोर्न पर्ने भएकोले जि न पा पुँजि गत खर्च तर्फ संकेत न. ५९ मा बित्तीय व्यबस्था खर्च शिर्षकमा बिनियोजन भएको आन्तरिक स्रोत र संघिय राजश्व बाँडफाँड तर्फ बिनियोजन भएको बजेट बाट भुक्तानी दिने । |
| 2079/80 | | | ठुलोखोला सल्ले लिफ्ट खा.पा.आ. जि.न.पा.९ | ठुलोखोला सल्ले लिफ्ट खा.पा.आ. | ठुलोखोला सल्ले लिफ्ट खानेपानी आयोजना उपभोक्ता समिति | ६०६०००।०० | योजना सम्झौता भइ कार्य सम्पन्न हुने चरणमा पुग्दा योजना को लागी स्वीकृत बजेट रकम घटि आएकोले । | भुक्तानी गर्न बाँकी देखिएको रकम रु ६०६००० नगर पालिकाको तर्फबाट व्यहोर्न पर्ने भएकोले जि न पा पुंजि गत खर्च तर्फ संकेत न. ५९ मा बित्तीय व्यबस्था खर्च शीर्षकमा बिनियोजन भएको आन्तरिक स्रोत र संघीय राजश्व बाँडफाँड तर्फ बिनियोजन भएको बजेट बाट भुक्तानी दिने । |

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं॰ | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०७९।८० | | जि न पा चालु खर्च | घर भाडा | घर भाडा | कृषण बहादुर तमाङ | ५०००।- | सुत्र सिष्टम मा भुक्तानी बन्द भै सके पछि भुक्तानी मग भएको ले। | घर भाडा शिर्षक बाट |
| ०७९/८० | | जि न पा चालु खर्च | सूचना तथा सञ्चार | सूचना तथा सञ्चार | रेडियो शैलङ सामुदायीक एफ एम | ४०,०००। | वजेट अभावको कारण भुक्तानी हुन नसकेको | सूचना तथा सञ्चार शीर्षक बाट भुक्तानी गर्ने |

**निर्णय नं. ३** यस जिरी नगरकार्यपालिकाको कार्यालयबाट रोजगार सहायक करार सेवामा पदपूर्तिको लागि प्रकाशित विज्ञापन बमोजिम उम्मेदवर छनौटको लागि स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्वन्धी मापदण्ड, २०७८ को दफा ३ (ख) बमोजिमको विज्ञ सदस्यमा जिल्ला समन्वय समिति दोलखाका जिल्ला समन्वय अधिकारी राम प्रसाद पोखरेललाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ४** यस नगरपालिकाको आ.व.२०८०/८१ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट आगामी नगर सभाबाट अनुमोदन गराउने गरी देहाय बमोजिमको योजना तथा कार्यक्रम स्वीकृत गरी देहाय बमोजिम बजेट बाँडफाँट गर्ने निर्णय गरियो ।

**श्रमको सम्मान, राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन शीर्षकमा प्राप्त जम्मा रु. ६०,०००/- को बाँडफाँट**

| सी. नं | ख. सि. नं | खर्च शीर्षक | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | | निर्देशक समितिको बैठक भत्ता | २१००० | |
| २. | | दैनिक भ्रमण खर्च | २१००० | |
| ३. | | चिया खाजा तथा विविध | १८००० | |
| जम्मा | | | ६०,००० | |

**अन्य विविध खर्च शीर्षकमा प्राप्त जम्मा रु. २४,०००/- को बाँडफाँड**

| सी. | ख. सि. नं | खर्च शिर्षक | रकम | कैफियत |
|---|---|---|---|---|

| नं | | | | |
|---|---|---|---|---|
| १. | | चिया, पानी तथा खाजा खर्च | १२,००० | |
| २. | | रोजगार सेवा केन्द्रको संचार खर्च | १२,००० | |
| जम्मा | | | २४,००० | |

आ. व. २०८०-८१ को आयोजनाको बजेट बाँडफाँट -आइ.डी.ए. श्रोत रु. २९,०३,०००/-

| क्र.स | वार्ड | आयोजनाको नाम | रोजगारी प्रदान गर्ने संख्या | ज्याला दर | रोजगारी दिन | आई.डी.ए. श्रोत बाट विनियोजित बजेट | वडाबाट विनियोजित बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | पुम्पा झम्वा चौतारा सडक स्तरोन्नति | १० | ७६० | १०० | ७६०,००० | २००,००० | ९६०,००० |
| २ | ४ | भञ्ज्याङ डाँडा छाँगे देउराली प्रा.वि.सिंढी निर्माण | ९ | ७६० | १०० | ६८४,००० | ५०,००० | ७३४,००० |
| ३ | ८ | थलारी चोक देखि पोखरीखर्क सम्म सडक स्तरोन्नति | १० | ७६० | १०० | ७६०,००० | - | ७६०,००० |
| ४ | ५ | लोसा काप्ती चिज उत्पादन केन्द्र सडकस्तरोन्नति योजना | ९ | ७६० | १०० | ६८४,००० | ७०,००० | ७३४,००० |
| जम्मा | | | ३८ | | | २,८८८,००० | ३२०,००० | ३,१८८,००० |

आ. व. २०८०-८१ को आयोजनाको बजेट बाँडफाँट -नेपाल सरकार श्रोत रु. २९,८०,०००/-

| क्र.स | वार्ड | आयोजनाको नाम | रोजगारी प्रदान गर्ने संख्या | ज्याला दर | रोजगारी दिन | नेपाल सरकार श्रोत बाट विनियोजित बजेट | वडाबाट विनियोजित बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | गोरेटो बाटो निर्माण भिरखर्क दलित टोल श्याम रजम पाखाटोल / क्षेर्मादिङ दलित टोल घाट जाने बाटो | ७ | ७६० | १०० | ५३२,००० | ६६,००० | ५९८,००० |
| २ | ३ | वडा कार्यालय परिसरमा सिंडी सोलिंग र खेल मैदान निर्माण | ८ | ७६० | १०० | ६०८,००० | १००,००० | ७०८,००० |
| ३ | ७ | तल्लो सिक्रि क्षित्रि बाटो निर्माण योजना | ८ | ७६० | १०० | ६०८,००० | - | ६०८,००० |
| ४ | ६ | रेन्जे घुन्सा सडक स्तरोन्नति | ८ | ७६० | १०० | ६०८,००० | २००,००० | ८०८,००० |
| ५ | ९ | लहरेमाने खोल्मे सडक स्तरोन्नति | ८ | ७६० | १०० | ६०८,००० | ५०,००० | ६५८,००० |
| जम्मा | | | ३९ | | | २,९६४,००० | ४१६,००० | ३,३८०,००० |

**निर्णय नं. ५** यस जिरी नगरपालिकाको वडा नं. ३ वडा समितिको निर्णय वमोजिम स्नातक तह उत्तीर्ण महिलाहरुलाई ५०% अनुदानमा ल्यापटप वितरण योजनामा विनियोजित वजेट रु.२००,०००।-(अक्षेरेपी दुई लाख मात्र) वजेट आगामी नगर सभावाट अनुमोदन गराउने गरी धारासिं क्याङसे सडक स्तरोन्नती योजना वडा नं. ३ मा रकमान्तर गरी योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** सम्वन्धित वडा कार्यालयको सिफारिस बमोजिम टाउको क्यान्सर रोगबाट पीडित जिरी न.पा.वडा नं. ५ निवासी सुन्दर जिरेललाई रु. १०,०००।-(अक्षेरेपी दश हजार मात्र) आर्थिक सहायता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** यस जिरी नगरपालिकाको वडा नं. ७ वडा समितिको सिफारिस बमोजिम आगामी नगर सभावाट अनुमोदन गराउने गरी देहायको योजना तथा कार्यक्रम रकमान्तर गर्ने निर्णय गरियो ।

| क.सं. | स्वीकृत योजना तथा कार्यक्रम | रकम | संशोधन/रकमान्तर हुने योजना तथा कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | च्यामाली वडा कार्यालय सडक स्तरोन्नती | ५,००,०००।- | जिरी डग्युर पालयुल दोङग छयोखोरलिङ गुम्बा निर्माण योजना | ५,००,०००।- |

**निर्णय नं. ८** यस जिरी नगरपालिका भित्रका सामुदायिक वन उपभोक्ता समिति/समूहलाई कानून बमोजिम साधरण सभा आयोजना, कार्ययोजना स्वीकृती लगायतका विषयहरु यथासमयमै सम्पन्न गरी नियमित गर्न/गराउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** जिरी नगरपालिका वडा नं. ७ अन्तर्गत विपद् व्यवस्थापन कार्यक्रममा विनियोजन गरिएको वजेट रु.५६०,०००।- मध्येबाट वडा समितिको निर्णय बमोजिम स्वीकृतिको लागि पेश भएका देहायका योजना अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

१. माथिल्लो सिक्री पशुपालन तथा कृषि फर्म रु. १,६०,०००।-(एक लाख साठी हजार)
२. सडक सरसफाई रु. १,५०,०००।-(एक लाख पचास हजार)
३. डग्युर ल्हुन्डुप क्षोलिङ गुम्बा पहिरो नियन्त्रण रु. २०,०००।-(बीस हजार)

**निर्णय नं. १०** यस जिरी नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु एबम् नगर भित्रका सार्वजनिक स्थलमा रहेका डिजिटल वोर्ड, सोलार, सि.सि.क्यामरा लगायतका मर्मतसंभार गर्नु पर्ने सामग्री तथा संरचनाको सम्वन्धित शीर्षकबाट मर्मतसंभार गराउने निर्णय गरियो ।

**निर्णय नं. ११** यस जिरी नागरपालिका वडा नं. ५ मा निर्माण सम्पन्न भएको शीतभण्डार सेवा शुल्क निर्धारण समितिबाट सिफारिस भएको देहाय बमोजिमको सेवा शुल्क अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | सेवा | सेवा शुल्क |
|---|---|---|
| १ | आलु भण्डारण शुल्क प्रति के.जी. | रु. ५।- सिजन भरी |
| २ | किवी भण्डारण शुल्क प्रति के.जी. | रु. ३।-प्रति महिना |
| ३ | अन्य फलफूल भण्डारण शुल्क प्रति के.जी. | रु. ३।- प्रति महिना |
| ४ | लोड अनलोड शुल्क प्रति बोरा/क्रेट | रु. १०।- |
| ५ | तरकारी तथा गेडागुडी प्रति के.जी. | रु. २।- प्रति महिना |

**निर्णय नं. १२** जिरी अस्पताल जिरी दोलखामा कार्यरत एनेस्थेसिया असिस्टेन्ट रमेश कुमार महतोलाई गत आ.व.मा उपलव्ध गराउदै आए बमोजिमको प्रोत्साहन भत्ता आ.व.२०८०/८१ मा समेत सम्बन्धित शीर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १३** यस जिरी नगरपालिका वडा नं. ५ मा रहेको सपिङ्ग कम्प्लेक्सको मिति २०७६/०८/१७ को कार्यपालिकाको वैठकबाट स्वीकृत दररेट बमोजिम भाडामा लगाउन ३० दिन सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४** चालु आर्थिक वर्ष २०८०।८१ मा नेपाल सरकार शसर्त अनुदान चालु खर्च शीर्षक संकेत नं ९६ बाट तलव भत्ताको व्यवस्थापन हुने गरी आर्थिक वर्ष २०८०।८१ असार मसान्त सम्मको लागि २४ सै घण्टा प्रसुती सेवा प्रदान गर्ने बर्थिङ/ CEONC सेन्टरको लागि सहायक चौथो तह अ. न.मी. पदमा एक जना कर्मचारी जिरी नगरपालिकको कर्मचारी भर्ना कार्यविधि अनुसार विज्ञापन गरी करार सेवामा लिने निर्णय गरीयो ।

**निर्णय नं. १५** ईलाका प्रहरी कार्यालय जिरीबाट २०८० सालको महान पर्व विजया दशमी र शुभ दीपावलीका अवसरमा सूरक्षा व्यवस्था मजवुद बनाउनका लागि जिरी नगर क्षेत्र भित्र प्रहरीहरु बढी मात्रमा परिचालन गर्नुपर्ने भएको हुँदा सो कार्यका लागि ईन्धन तथा विविध खर्च शीर्षकबाट रु.३०,०००।-(अक्षेरेपी तीस हजारमात्र) ईलाका प्रहरी कार्यालय जिरीलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६** नेपालीहरुको आउदै गरेको विजया दशमी, शुभ दीपावली, छठ, नेपाल संवत, ल्होछार लगायतका पर्वहरुको उपलक्ष्यमा सम्पूर्ण जनप्रतिनिधिहरु, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक, सुरक्षा निकायका अधिकृत तथा जवान, संचारकर्मी, नागरिक समाजंका अग्रज सहित आदरणीय सम्पूर्ण नगरवासी दाजूभाई दिदी बहिनीहरुमा हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।